# परमेश्वरले सित्तैंमा वा निःशुल्क प्रेम गर्नुहुन्छ



## शबाथ दउिसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *प्रस्थात ३३:१५-२२; होशे १४:१-४; प्रकाश ४:११; यूहन्ना १७:२४; मत्ती २२:१-१४; यूहन्ना १०:१७, १८।*

**याद गर्नुपर्ने पद: "तिनीहरू मबाट तर्किगएकामा म तिनीहरूलाई क्षमा गर्नेछु। म तिनीहरूलाई सित्तैँमा प्रेम देखाउनेछु, किनकि मेरो रीस तिनीहरूदेखि फर्केको छ।"** *(होशे १४:४)*।

**येशूले** भविष्यवाणी गर्नुभएको अनुसार पत्रुसले उहाँलाई तीन पल्ट चिनेको छैन भनेर उहाँप्रति विश्वासघात गरेका थिए *(मत्ती २६:३४)*। उनको यो अस्वीकारका साथ पत्रुसको कहानी अन्त्य भएन। येशूको पुनरुत्थान पछि उहाँले पत्रुसलाई सोध्नुभएको थियो, "'यूहन्नाका छोरा सिमोन, के तिमी मलाई यिनीहरूभन्दा बढ़ी प्रेम गर्दछौ?' तिनले उहाँलाई भने, 'ज्यू प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई प्रेम गर्छु।' उहाँले तिनलाई भन्नुभयो, 'मेरा पाठाहरूलाई खुवाऊ।' उहाँले फेरि दोस्रो पल्ट तिनलाई भन्नुभयो, 'यूहन्नाका छोरा सिमोन, के तिमी मलाई प्रेम गर्दछौ?' तिनले उहाँलाई भने, 'ज्यू, प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई प्रेम गर्छु।' उहाँले तिनलाई भन्नुभयो, "मेरा भेड़ाहरूको हेरचाह गर।' उहाँले तिनलाई तेस्रो पल्ट भन्नुभयो, 'यूहन्नाका छोरा सिमोन, के तिमी मलाई प्रेम गर्छौ।' पत्रुस दुःखित भए, किनकि उहाँले तेस्रो पल्ट तिनलाई 'के तिमी मलाई प्रेम गर्छौ?' भन्नुभयो। तिनले उहाँलाई भने, 'प्रभु, तपाईं सब कुरा जान्नुहुन्छ। म तपाईंलाई प्रेम गर्दछु भनी तपाईंलाई थाहा छ।' येशूले तिनलाई भन्नुभयो, 'मेरा भेड़ाहरूलाई खुवाऊ।'" *(यूहन्ना २१:१५-१७)*। पत्रुसले येशूलाई तीन पल्ट अस्वीकार गरे पनि उहाँले उनलाई निर्णायक

प्रश्न "तिमीले मलाई प्रेम गर्छौ कि?" भनेर सोध्नुभएको अर्थ उहाँले उनलाई तीन पल्ट पुनर्स्थापित गर्नुभएको थियो।

पत्रुसको परिस्थितिभन्दा हाम्रो परिस्थिति धेरै फरक हुन सक्छ, तर येशूको नीति एकै नाशको छ। उहाँप्रति हाम्रो प्रेम र त्यही प्रेमले परिचालित भएर उहाँका भक्तहरूलाई आत्मिक खाना खुवाउने जिम्मेवार येशूभक्त हुँ भनेर दाबी गर्ने भन्ने प्रत्येक येशूभक्तको उत्तरदायित्व र कर्तव्य हो। पत्रुसलाई सोधिएको प्रश्न हामी सबैलाई सोध्ने उहाँको निर्णायक प्रश्न हो। हामी जो छौं, जहाँ छौं, जे गर्छौं, जहाँ छौं र जुन युगमा छौं, येशूका प्रत्येक भक्तलाई यही प्रश्न उहाँले सोधिरहनुहुन्छ: *के तिमीले मलाई प्रेम गर्छौं?*

हाम्रा मिजास, आचरण, काम जुन मनस्थितिमा हुन्छ वा गरिन्छ ती सबै येशूले सोध्नुभएको प्रश्नको जवाफमा भर पर्दछ।

# साधारण मानिसले तर्कयुक्त र उचित रूपमा अपेक्षाहरू गर्नेभन्दा अपार

परमेश्वरले हामीलाई "के तिमीले मलाई प्रेम गर्छौ" मात्र भनेर सोध्नुभएन, तर उहाँले प्रत्येक व्यक्तिलाई आफैले प्रेम गर्नुहुन्छ। उहाँको प्रेम उहाँले हामीलाई सित्तैँमा उपलब्ध गराउनुहुन्छ। त्यो प्रेम पाउन हामीले त्याग, तपस्या, धर्मकर्म, सुकर्म वा परोपकारीय काम आदि गर्नुपर्दैन। तर उहाँले तपाईंलाई र मलाई सित्तैँमा प्रेम गर्नुहुन्छ (जसरी आमाले दुधे बालकलाई प्रेम गर्छिन्–अनुवादक)। हामीले सोचिरहेको मानिसलाई भन्दा उहाँको प्रेम अपार छ। उहाँले त्यो प्रेम कसरी गर्नुभएको छ भन्ने सबुद प्रमाण उहाँका जनहरूलाई देखाउनुभएको र देखाइरहनुभएको प्रेमको वृत्तान्तले देखाउँछ।

पढ्नुहोस्: **प्रस्थान ३३:१५-२२मा उल्लेख गरिएको वर्णन पढ्नुहोस्। यी पदहरू कुन सन्दर्भमा लेखिएका हुन्, सो सोच्नुहोस्। समस्त मानवप्रति परमेश्वरको चाहना र लक्ष्यलाई विशेष गरेर पद १९ले कसरी उघारेको छ?**

________________________________________

________________________________________

________________________________________

इस्राएलीहरूलाई परमेश्वर र मोशाले मिश्रदेशबाट उद्धार गर्नुभएको सबै काम बेकारमा भएको जस्तो देखिएको थियो। मानिसहरूले परमेश्वरको विरुद्धमा सरासर विद्रोह गरे। तिनीहरूले सुनको गाईको मूर्ति बनाएर हामीलाई उद्धार गर्ने यो नै हो भनेर परमेश्वरको बेइज्जत गरेका थिए। तिनीहरू सबै मिलेर रमझम गर्दै गाईलाई पूजा गरेका थिए। परमेश्वरले बोल्नुभएको दश आज्ञा लेखिएको शिला-पाटी लिएर मोशा पहाडबाट ओर्लन्दैथिए। इस्राएलीहरूको चर्तिकला देखेर उनी चकित भए र तिनीहरूप्रति आक्रोस देखाए। रिसले आगो भएको मोशाले दश आज्ञाको शिला-पत्र तिनीहरूकै अगाडि धुजाधुजा पर्ने गरेर जमिनमा बजारिदिए। सनातन सृष्टिकर्ता परमप्रभु परमेश्वरको स्वरूपलाई गाईको मूर्तिमा झारेर ती इस्राएलीहरूले उहाँको गद्दारी गरेका थिए, त्यसले गर्दा तिनीहरूलाई परमेश्वरले सित्तैँमा प्रदान गरिएका करारका अवसरहरू र आशिष्हरू जफत गर्नुपर्दथ्यो। तैपनि परमेश्वरको तर्फबाट तिनीहरूसँग करारको सम्बन्ध सित्तैँमा

जारी राख्नुभएको थियो। त्यो सम्बन्ध जारी राख्न इस्राएलीहरू योग्यका त थिएनन्।

प्रस्थान ३३:१९मा "जसलाई म अनुग्रह गर्न चाहन्छु त्यसलाई म अनुग्रह गर्नेछु। जसलाई म कृपा देखाउन चाहन्छु, त्यसलाई म कृपा देखाउनेछु।" भनेर परमेश्वरले व्यक्त गर्नुभएको भनाइलाई कतिपयले गलत ढङ्गमा बुझेका छन् र परमेश्वरको मर्मलाई नबुझ्नेहरूले गलत तरिकाले नै व्याख्या गरिरहेका छन्। उहाँले आफूखुशी मानिसहरूलाई करुणा र अनुग्रह देखाउनुहुन्छ र उहाँलाई मन नपर्ने वा विश्वास नगर्नेहरूलाई ती मिजासहरू देखाउनुहुन्न भनेर कतिपयले सोच्दछन्। तर परमेश्वर त्यस नीतिमा चल्नुहुन्न। लोकप्रिय धर्म, संस्कार र संस्कृतिको धारणा अर्थात् भाग्यमा वा पुर्पुरोमा जे लेखिएको छ त्यही हुन्छ जसले गर्दा कतिपयले मुक्ति पाउँछ भने कतिपय अनन्तको आगोमा परेर नष्ट हुनेछन् भन्ने शिक्षा जताततै फैलिरहेको छ।

यथार्थमा यहाँ परमेश्वरले के घोषणा गरिरहनुभएको छ त? परमेश्वर सारा सृष्टिको प्रभु हुनुभएको हैशियतले सबै जना चाहे योग्य होस् वा अयोग्य होस् तिनीहरूलाई उहाँको करुणा र अनुग्रह सित्तैँमा प्रदान गर्ने उहाँको अधिकार र अख्तियार छ भनेर उहाँले घोषणा गर्नुभएको थियो। सुनको गाई बनाएर विद्रोह गर्दै परमेश्वरको गद्दारी गरे तापनि र अयोग्य भए तापनि उहाँका जनहरूलाई उहाँले करुणा र अनुग्रह देखाई नै रहनुभएको प्रमाण स्वरूप इस्राएलको इतिहास साक्षी छ।

गाईको मूर्ति बनाएर परमेश्वरको बेइज्जत गरे तापनि उहाँले तिनीहरूलाई आफ्नो प्रेम, अनुग्रह र करुणा पोखाई नै रहनुभएको थियो। यो त कुनै पनि मानवीय तर्क र अपेक्षाभन्दा अपारको खबर हो, होइन त?

**तपाईंको तर्कमा तपाईंले अपेक्षा नगर्नुभएको र तपाईं अयोग्य भए तापनि परमेश्वरको प्रेम, अनुग्रह र करुणाले निरन्तर पाइरहनुभएको अनुभव के तपाईंले गर्नुभएको छ वा गरिरहनुभएको छ?**

________________________________________

# एकतर्फी वा उपेक्षा गरिएको प्रेम

पतित, परमेश्वरलाई माया नगर्ने र उहाँलाई नै गद्दारी गरेर चलिरहने मानिसहरूलाई उहाँको प्रेम कस्तो रहेछ भन्ने उल्लेखनीय वृत्तान्त अगमवक्ता होशेको कथामा पाइन्छ। परमेश्वरले अगमवक्ता होशेलाई यो निर्देशन दिनुभयो, "जाऊ, एउटी वेश्या स्त्रीलाई आफ्नी स्वास्नी बनाऊ र वेश्याकर्महरूका छोराछोरीहरूलाई आफ्नो तुल्याऊ; किनभने यस देशले परमप्रभुको पछि लाग्नदेखि हटेर अति नै वेश्याकर्म गरेको छ।" *(होशे १:२ KJV)*। होशे र उनकी वेश्या वा विश्वासघात गर्ने पत्नी परमेश्वरको प्रेमको जीवित अर्तिकथा वा उदाहरण भएर देखाइएका थिए। उहाँका जनहरू उहाँप्रति जतिसुकै गद्दारी गरे तापनि र उहाँलाई बेवास्ता तथा घृणा गरे तापनि परमेश्वरले आफ्नो प्रेम देखाई नै रहनुभएको थियो। सनातन जीवित परमेश्वरलाई त्यागेर मूर्तिपूजा गर्दा इस्राएलीहरूले उहाँप्रति गद्दारी गरेका मात्र होइन तिनीहरूले आत्मिक वा अध्यात्मिक वेश्यावृतिमा लागेका थिए। परमेश्वरको प्रेम र निगाहा पाउन अयोग्य भए तापनि उहाँले आफ्नो प्रेम सित्तैँमा प्रदान गर्नुहुन्छ भन्ने ज्वलन्त उदाहरण होशेको कथाले दिन्छ। यो हो, परमेश्वरको अपार प्रेम जुन कुनै पनि मानवीय प्रेमसँग मिल्दैन।

यो अचम्मको छ कि परमेश्वरले उहाँका जनहरूलाई जतिसुकै प्रेम वर्षाए तापनि र उहाँ विश्वस्त भूमिका खेल्नुभए तापनि उहाँका जनहरूले उहाँको विरुद्धमा बारम्बार लागिरहेका थिए। गद्दारी गर्ने र विश्वासघात गर्ने श्रीमतीप्रति परमेश्वरले एकतर्फी प्रेम देखाइरहनुभएको थियो भनेर बाइबलमा बारम्बार उल्लेख गरिएको छ। उहाँले उहाँका जनहरूलाई सिद्ध, पूर्ण, विश्वाससाथ, केहीमा पनि कमी नहुने गरेर र पक्का गरी प्रेम गर्नुभएको थियो। तर तिनीहरूले उहाँलाई गिल्ला गरे, हेपे र सृष्टि गरिएका थोकहरूबाट आफ्नै हातले काट, पत्थर, सुन र चाँदीका देवीदेवताहरू बनाएर तिनीहरूलाई पूजा गरेका थिए, ढोगेका थिए र सेवा गरेका थिए। यसले परमेश्वरको हृदयमा ठूलो चोट परेको थियो, र उहाँलाई गहिरो पीडामा पारेको थियो। यो कदमले गर्दा उहाँसँगको सम्बन्ध हेर्दा कहिल्यै जोड्न नसक्ने गरी टुटिएकोजस्तो देखिएको थियो।

पढ्नुहोस्: **इस्राएल देशका जनताहरूले परमेश्वरको अनुहारमा जतिसुकै हिलो छ्यापे तापनि, उहाँप्रति गद्दारी गरे तापनि उहाँको निरन्तर प्रेम जारी नै भएको थियो भनेर होशे १४:१-४मा कसरी खुलाएको छ?**

परमेश्वरको खिलाफमा बारम्बार विद्रोह गरे तापनि, उहाँप्रति गद्दारी गरे तापनि उहाँले एकतर्फी यसरी घोषणा गर्नुहुन्छ, "तिनीहरू मलाई त्यागेर कष्ट पाएकोले तिनीहरूको दुःखलाई म निको पार्नेछु, म तिनीहरूलाई सित्तैँमा प्रेम गर्नेछु।" सित्तैँमा भनेको हिब्रू भाषामा *(nedabah निदाबाह)* हो। यही शब्दको अर्थले देखाउँछ कि यो प्रेम पाउन इस्राएलीहरूले केही धर्मकर्म गर्नुपर्दैन। परमेश्वरले नै स्वेच्छाले प्रेम गर्नुभएको थियो भनेर देखाउँछ। जब पवित्र मन्दिरमा भेटी ल्याउँथ्यो, त्यो स्वेच्छाले ल्याउँथ्यो, कर गरेर होइन। त्यही खालको स्वेच्छा नै परमेश्वरले उहाँका जनहरूलाई देखाउनुभएको छ।

होशेको कथाभरि र बाइबलमा दिएका वृत्तान्तहरूमा परमेश्वरले उहाँका जनहरूलाई अचम्म तरिकाले प्रेम र करुणा देखाउनुभएर तिनीहरूको हितको निम्ति उहाँ कटिवद्ध हुनुभएको थियो भनेर देखाइन्छ। ती इस्राएलीहरू बारम्बार अरू प्रेमीहरूतिर लागेका थिए वा मूर्तिपूजामा लागेका थिए।यसले गर्दा परमेश्वरसँग गरिएको तिनीहरूको करार वा वाचा टुक्रा-टुक्रा पारेका थिए। यो त जोड्ने नसकिने भएको थियो। तर परमेश्वरले आफ्नै आत्म-निर्णयको स्वतन्त्रतालाई प्रयोग गर्नुभएर तिनीहरूलाई उहाँको प्रेम वर्षाई नै रहनुभएको थियो। ती मानिसहरू परमेश्वरको प्रेम पाउन योग्य थिएनन्। परमेश्वरको प्रेमलाई त्यागेर त्यसमाथि गर्ने दाबीको अधिकार तिनीहरूले नै गुमाएका थिए। नैतिक रूपमा कर नभए तापनि वा करले होइन परमेश्वरले तिनीहरूलाई आफ्नो प्रेम बगाई नै रहनुभएको थियो। यहाँ र बाइबलभरि परमेश्वरको प्रेम निरन्तर सित्तैँमा र उहाँको स्वेच्छाले दिनुभएको खुलासा गरिएको होशेको कथामा र अन्त पाइन्छ।

**कतिपय मानिसहरूले परमेश्वर टाढा हुनुहुन्छ, उहाँ कठोर शासक र न्यायकर्ता हुनुहुन्छ भनेर चित्रण गर्दछन्। विश्वासघाती श्रीमतीले जतिसुकै हेला गरे तापनि र त्यागे तापनि परमेश्वरलाई पीडा भए तापनि उहाँको प्रेम निरन्तर रहन्छ भन्ने बाइबलको चित्रणले तपाईंलाई के भन्छ? परमेश्वरसँगको सम्बन्धमा तपाईंको दृष्टिकोणमा केही फरक भएको छ कि?**

# बिना मोल सित्तैँमा दिइएको प्रेम

बारम्बार परमेश्वरको खिलाफमा विद्रोह र गद्दारी गरे तापनि उहाँले इस्राएलीहरूमाथि आफ्नो प्रेम सित्तैँमा पोखाइरहनुभएको थियो। अहिले पनि हामी पापी भए तापनि हामीमाथि उहाँले आफ्नो प्रेमको वर्षा कायम गरिरहनुभएको छ। हामीहरूको चालामाला, मनस्थिति, मिजास र व्यवहारले गर्दा उहाँको प्रेमको उपभोग गर्न योग्य त छैनौं। परमेश्वरको प्रेम पाउन हामी योग्य मात्र छैनौं, हाम्रो कुनै पनि क्रियकलाप, धर्मकर्म र अथक प्रयासले त्यो प्रेमलाई आर्जन गर्न सक्दैनौं। वास्तविक रूपमा भन्ने हो भने परमेश्वरलाई हाम्रो आवश्यकता नै छैन। बाइबलमा व्याख्या गरिएको सनातन सृष्टिकर्ता परमेश्वरलाई हाम्रो एक कौडीको आवश्यकता छैन न त हाम्रो जीवनको *(प्रेरित १७:२५)*। तपाईंलाई, मलाई र यस संसारमा जन्मिने प्रत्येक मानव प्राणीलाई परमेश्वरले आफूखुशी प्रेम गर्नुहुन्छ र प्रेम गर्न चाहनुहुन्छ।

तुलना गर्नुहोस्: **सृष्टिको सन्दर्भमा परमेश्वर कतिको स्वतन्त्र हुनुहुन्छ वा आफूखुशी चल्न उहाँको अधिकार हो भनेर देहायका पदहरूले कसरी बताउँछन्? प्रकाश ४:११सँग भजनसंग्रह ३३:५-६ तुलना गर्नुहोस्।**

________________________________

________________________________

________________________________

सृष्टि आफूखुशी सृष्टि भएको होइन। परमेश्वर आफैले आफूखुशी दिल खोलेर सृष्टि गर्नुभएको थियो। परमेश्वर हाम्रो महिमा, सम्मान र हाम्रो सारा शक्ति पाउन योग्यको हुनुहुन्छ। परमेश्वरलाई यस पृथ्वी वा कुनै पनि पृथ्वीको सृष्टि गर्ने आवश्यक थिएन। यस पृथ्वीका स्थापना हुनुभन्दा अघि नै त्रीएक परमेश्वर र सारा जगतका जीवहरू एक-अर्कोको बीचमा प्रेमिलो सम्बन्ध रमाइलोसँग उपभोग गरी नै रहनुभएको थियो।

पढ्नुहोस्: **यस पृथ्वीको अस्तित्व हुनुभन्दा अघि नै परमेश्वरको प्रेमको बारेमा यूहन्ना १७:२४ पदले के बताउँछ?**

---

---

मानव प्राणीले जस्तो आफ्नो प्रेम वर्षाउन छोराछोरीहरूको आवश्यकता परमेश्वरलाई थिएन। तर परमेश्वरको प्रेमिलो स्वभावले गर्दा उहाँले यस पृथ्वीलाई सृष्टि गर्नुभयो र उहाँका सृष्टिहरूसँग प्रेमको सम्बन्ध गाँस्नुभयो।

परमेश्वरको विशाल र उदार प्रेम सित्तैँमा प्रदान गर्न मात्र उहाँले यस पृथ्वीलाई सृष्टि गर्नुभएन, अदनको बगैँचामा मानव प्राणीले पाप गरेर पतित भए तापनि उहाँको प्रेमलाई निरन्तर रूपमा खन्याइरहनुभएको थियो। हामी व्यक्तिगत रूपमा पाप गरे तापनि, परमेश्वरबाट टाढा रहेको महसुस गरे तापनि, निराश र उदासिन अवस्थामा हामी परे तापनि वा परिरहे तापनि हाम्रो निम्ति उहाँको प्रेम जारी नै रहेको हुन्छ।

शैतानको कुरा सुनेर आदम र हव्वाले परमेश्वरप्रति गद्दारी गरेपछि तिनीहरू अदनको बगैँचामा रहने अधिकार गुमाएका थिए। परमेश्वरको प्रेम पाउन पनि तिनीहरू बञ्चित भएका थिए। तर सबै थोकहरू आफ्नै शक्तिले उचालिराख्नुहुने परमेश्वरले *(हिब्रू १:३)* उहाँको महान् प्रेम, दया, करुणा र अनुग्रहको कारण तिनीहरूको जीवनलाई ध्वस्त नपारी सम्हाल्नुभएको थियो। प्रेमकै कारण र प्रेमलाई मध्यनजर राखेर तिनीहरूलाई फेरि आफूतिर आकर्षित गर्न उहाँले मुक्तिको योजना तर्जुमा गर्नुभएको थियो। त्यसमा केवल आदम र हव्वा मात्र होइन, यस युगमा बाँचिरहने हामी प्रत्येक मानव प्राणी पनि समावेश हुन सक्छ।

**यस संसार पतित छ। शैतानको क्रिडास्थल भइरहेको छ। यहाँ दुष्ट, खराबले आतङ्क मच्चाइरहेको छ। तैपनि परमेश्वरको प्रेम र हामीप्रति उहाँको हित निरन्तर रूपमा जारी भइरहेको धारणालाई तपाईं के भन्नुहुन्छ? त्यस प्रेमलाई आत्मसात गरेर हामीले उहाँलाई हाम्रो प्रेम कसरी फर्काउने?**

# सारा संसारका मानिसहरूलाई आफूतिर आउन परमेश्वरले आह्वान गर्नुभए तापनि केवल थोरैलाई मात्र किन चुनिन्छन्?

परमेश्वरले मानिसहरूलाई उहाँको स्वेच्छाले मात्र प्रेम गर्नुहुन्न, तिनीहरूले उहाँको प्रेमलाई फर्काउन पनि उहाँले आह्वान गर्नुहुन्छ। परमेश्वरले कर त गर्नुहुन्न तर उहाँले प्रत्येकलाई उहाँको प्रेमलाई स्वीकार गर्ने कि नगर्ने भन्ने आत्मनिर्णय वा विवेकलाई प्रयोग गर्ने क्षमताको स्वतन्त्रता दिनुहुन्छ। यो नीति बाइबलभरि जतातततै देखा परेको छ। येशूले सुनाउनुभएको विवाहको भोजको अर्तिकथा यसको ज्वलन्त उदाहरण हो।

पढ्नुहोस्: **मत्ती २२:१-१४मा उल्लेख गरेको अर्तिकथाको अर्थ के हो?**

______________________________________________

______________________________________________

येशूले भन्नुभएको अर्तिकथामा एक जना राजाले आफ्ना छोराको विवाहको बन्दोबस्त गरि भोज खुवाउन उनका इष्टमित्रहरूलाई निमन्त्रणा गर्दछन्। उनले आफ्ना सेवकहरूलाई ती निमन्त्रणा पाएकाहरूलाई भोज तयार भयो, खान आउनुहोस् भनेर खबर दिन पठाउँछन्। तर निमन्त्रणा पाएकाहरू भोजमा जान चाहेनन्। एक पल्टभन्दा बढि राजाले आफ्ना सेवकहरूलाई ती निमन्त्रणा पाएकाहरूलाई आउन आग्रह गर्न पठाए। तर धेरैले त्यस निमन्त्रणाको बेवास्ता गरे र अझ कतिले त ती सेवकहरूलाई हातपात गरेर दुर्व्यवहार गरे र मारे पनि *(मत्ती २२:२-६)*।

उनका सेवकहरूलाई दुर्व्यवहार र हत्या गरिएकोमा राजा क्रुद्ध भएका थिए। उनले तिनीहरूलाई उचित दण्ड दिएका थिए। तर भोज त तयार छन् त्यसलाई के गर्ने त? राजाले उनको सेवकहरूलाई यो काम गर्न अह्राउँछन्, "विवाह-भोज तयार छ, तर निम्त्याइएकाहरू योग्य भएनन्। यसकारण तिमीहरू सड़कहरूमा जाओ, र जतिलाई भेट्टाउँछौ तिनीहरूलाई विवाह-भोजमा निम्तो देओ।" *(मत्ती 22:8-9)*। राजाले भोज खान आउने प्रत्येकलाई विवाहको विषेश पोशाक उपलब्ध गराएका थिए। त्यस पोशाक ओढेर भोज खान दिएका थिए। भोजमा सहभागी हुन त्यो पोशाक ओढ्न आवश्यक थियो। विवाहमा दुष्ट र असल मानिसहरू सरिक भएका थिए। जब राजाले ती पाहुनाहरूलाई अवलोकन गरे तब एक जनाले त पोशाक नै नलगाई भोज खाँदैथियो। त्यसको कारण राजाले उसलाई प्रश्न गर्दा त्यो मानिस नाजवाफ भए। अनि त्यस मानिसप्रति क्रुद्ध भएर

त्यसलाई पाता कसेर अँध्यारो ठाउँमा हुत्याउन आफ्ना सेवकहरूलाई आदेश दिन्छन्। यो कथामा येशूको रहस्यमय अर्थ गाँसिएको छ। उहाँले यो वाणी बोलेर आफ्नो अर्तिकथालाई अन्त्य गर्नुहुन्छ। "बोलाइएका धेरै छन्, तर चुनिएका थोरै छन्।" *(मत्ती २२:१४)*।

यसको अर्थ के हो त? आखिरमा चुनिएका वा भोजमा आउन दिइएका मानिसहरू ती हुन् जसले प्रभुले विवाहमा आउन दिएको निम्तोलाई स्वीकारेका हुन्छन्। ग्रीक भाषामा उल्लेख गरिएको आह्वानको अर्थ नै औपचारिक निमन्त्रणा *kaleo केलियो* हो। आखिरमा चुनिएकाहरू *(eklektos एक्लेटोस्)* तिनीहरू हुन् जसले निमन्त्रणालाई स्वेच्छाले कुनै मोल वा उपहार नदिएर स्वीकारेका थिए।

अझ भनौं भने परमेश्वरले विवाहको भोजमा *प्रत्येक व्यक्तिलाई* आमन्त्रण गर्नुहुन्छ। तर परमेश्वरको प्रेमलाई स्वीकार्ने वा नस्वीकार्ने आत्मनिर्णयको अधिकार हामीलाई नै सुम्पिएको छ। प्रेमलाई परिचालन गर्न वा उपभोग गराउन आत्मनिर्णयको स्वतन्त्रता वा स्वविवेकको स्वतन्त्रता अति आवश्यक नीति हो। परमेश्वरले कसैलाई पनि आफ्नो प्रेम वा नीति जबरजस्ती लाद्नुहुन्न। यो दुःखको कुरा हो कि उहाँसँग प्रेमिलो सम्बन्ध राख्न हामी अस्वीकार गर्न सक्छौं।

चुनिएकाहरू ती हुन् जसले निमन्त्रणालाई स्वीकारेका थिए। परमेश्वरलाई प्रेम गर्नेहरूको निम्ति उहाँले मानिसले सोचेको, कल्पना गरेकोभन्दा अपार थोकहरू तयार गर्नुभएको छ। तर त्यसलाई स्वीकार्ने र नस्वीकार्ने अधिकार हामीमा हुनुपर्ने प्रेम छ कि छैन भन्ने भरमा पर्दछ।

**तपाईंले आफ्नो जीवनबाट विवाहको निमन्त्रणालाई स्वीकार गर्नुभएको छ कि छैन भनेर कसरी देखाइरहनुभएको छ? के तपाईंले उचित रूपमा येशूको वस्त्र पहिरहनुभएको छ?**

# हाम्रो निम्ति क्रूसमा टाँगिनुभएको

उहाँमाथि निष्ठा राखेर उहाँसँग प्रेमको सम्बन्धमा फस्न परमेश्वरले यस संसारको प्रत्येक मानव प्राणीलाई आह्वान गर्नुहुन्छ। उहाँको निमन्त्रणा मूफ्तमा स्वीकार गरेर उहाँको प्रेममा आशक्त भएर उहाँसँग सम्बन्ध कायम गरिराख्नेले मात्रै अहिले नै अनन्त जीवनको आनन्दको उपभोग गर्न सक्दछ। विवाहको भोजको अर्तिकथामा राजाले धेरैलाई त्यो भोजमा सरिक हुन निमन्त्रणा गरेका थिए। तर ती निमन्त्रणा पाउने पाहुनाहरू स्वेच्छाले भोजमा सरिक हुन चाहेका थिएनन्। *(मत्ती २२:३)*।

त्यसरी, क्रूसमा टाँगिनुभन्दा अघि येशूले आक्रोस होइन तर यो विलाप व्यक्त गर्नुभएको थियो, "ए यरूशलेम, ए यरूशलेम, तँ जसले अगमवक्ताहरूलाई मार्ने र तँकहाँ पठाइएकाहरूलाई ढुङ्गाले हान्ने! जसरी कुखुरीले आफ्ना चल्लाहरूलाई पखेटामुनि बटुल्छ, त्यसरी नै मैले धेरै पल्ट तेरा बालकहरूलाई बटुल्ने इच्छा गरें, तर तैंले मानिनस्। हेर, तिमीहरूको घर उजाड छोडिएको छ। किनभने म तिमीहरूलाई भन्दछु, 'परमप्रभुको नाउँमा आउने धन्यका हुन्' नभनेसम्म तिमीहरूले मलाई देख्नेछैनौ।" *(मत्ती २३:३७-३९)*। ख्रीष्टले तिनीहरू सबैलाई एकत्रित पार्न चाहनुभएको थियो। तर तिनीहरू त्यो एकतामा बस्न चाहेनन्। येशूले उद्धार गर्न चाहनु र मानिसहरूको उद्धार हुन नचाहनुमा दुवै त्यही सरल ग्रीक भाषाको क्रियापद *(थेलो thelo)* प्रयोग गरिएको छ।

तर ती अधर्मी, धर्मका भेष लगाएर पाखण्डी बनेका धर्मगुरु, शास्त्री, निष्ठुर, क्रुर र परमेश्वरको बदनाम गर्न रुचाउने पापीहरूको र हाम्रो निम्ति रगत बगाउन क्रूसमा येशू टाँगिनुभएको थियो। यो कस्तो चकित पार्ने मानिसप्रति उहाँको मोह हो! मानिस पापको कारण मर्न वा मारित उचित थियो तर परमेश्वर आफै येशूमा रहनुभएर त्यो मृत्युको मोल तिर्नुभएको थियो। स्वर्ग र पृथ्वीको बीचको सम्बन्ध विच्छेद भएकोमा उहाँकै निजि सक्रियताले मरमत भएको थियो। परमेश्वरसँगको सम्बन्धलाई विच्छेद गरी पापकै फोहरमा हामी रमाउन चाहे तापनि उहाँले हामीलाई निरन्तर रूपमा प्रेम गरी नै रहनुभएको छ। हुन त हाम्रो स्वभावले गर्दा उहाँले हामीलाई प्रेम गर्न उहाँको नैतिक वाध्यता छैन। तैपनि उहाँको स्वेच्छाले मानिससँग प्रेमिलो सम्बन्ध राख्न प्रतिवद्ध हुनुभएको छ।

पढ्नुहोस्: **यूहन्ना १०:१६-१८ र गलाती २:२० पदहरू एक आपसलाई तुलना गरेर पढ्नुहोस्। यहाँ हाम्रो निम्ति के उल्लेखनीय भावना व्यक्त गरिएको छ?**

परमेश्वरको प्रेमको चरमचुली वा पराकाष्टा उहाँले क्रूसमा देखाउनुभएको थियो। येशूले स्वेच्छाले नै आफ्नो जीवन हाम्रो निम्ति अर्पण गर्नुभएको थियो। हाम्रो आत्मिक, शारीरिक र मानसिक जीवनलाई पुनर्स्थापना गर्न उहाँले नै पहिलो कदम चाल्नुभएको थियो। उहाँकै स्वेच्छाले आफ्नो जीवन अर्पण गर्नुभएकोले कसैले पनि उहाँको जीवनलाई आफ्नो हातमा लिएर उहाँको हत्या गरियो भन्न मिल्दैन। उहाँले खुला दिलले सित्तैँमा आफ्नो जीवन अर्पण गर्नुभएको थियो। यस संसारको सृष्टि गर्न त्रीएक परमेश्वरको सोचमा पस्नेबित्तिकै पापले यस संसारलाई निल्न सक्नेछ भन्ने धारणा पसेको थियो। त्यसको समाधानको निम्ति त्यो पापलाई निर्मूल पार्न त्रीएक परमेश्वरले मुक्तिको योजना संसार सृष्टि हुनुभन्दा अघि नै बनाउनुएको थियो।

"मुक्तिको योजना आदमको पतन पछि बनाइएको थिएन। त्यो त्यही रहस्यको प्रकटीकरण थियो जुन रहस्य "युग-युगदेखि गुप्त रहेको थियो" रोमी १६:२५-२६। युगौ-युगदेखि गुप्त रहेको मुक्तिको योजना क्रूसमा प्रकट गरिएको थियो। यो योजना परमेश्वरको सिंहासनको जगमै थियो। सुरुदेखि नै परमेश्वर र ख्रीष्टलाई थाहा थियो कि लुसिफर भ्रष्ट हुनेछ। उसको छल गर्ने शक्तिले मानिसलाई फसाउनेछ भन्ने आत्मज्ञान परमेश्वरमा थियो। पापको अस्तित्व परमेश्वरबाट भएको होइन, तर यसको अस्तित्व हुनेछ भन्ने उहाँमा पूर्वज्ञान थियो। त्यो पापको भयानक आपतकालिन परिस्थितिलाई सम्हाल्न उहाँले प्रावधान बनाउनुभएको थियो। मानिसप्रति परमेश्वरको प्रेम यस्तो महान् थियो कि उहाँले आफ्नो एकमात्र पुत्रलाई अर्पण गर्न उहाँले करार बाँध्नुभएको थियो। उहाँको चाहना यो थियो कि जसले येशूलाई विश्वास गर्छ, त्यो नाश नहोस् तर उसले अनन्त जीवन पाओस्। यूहन्ना ३:१६।" (यो जीवन मरेपछि होइन अहिले नै उपभोग गर्न सक्ने हो)।—एलेन जी. ह्वाइट, द *डिजाएर अभ एजेज*, पृ. २२।

**थप जानकारी:** एलेन जी. ह्वाइटद्वारा लिखित क्राइस्ट अबजेक्टि लेसन्सको पृ. ४०५-४२१को "'मिट द ब्राइडग्रुम।'" भन्ने अध्याय पढ्नुहोस्।

"यस संसारमा परमेश्वरको बारेमा अनेकौँ गलत धारणा, तर्क, वादविवाद र दर्शनहरूले ढाकिरहेका छन्। जतिसुकै ज्ञानी वा वुद्धिजिवि भनेर दावी गरे तापनि तिनीहरूले उहाँको स्वभाव, चरित्र र मिजासको बारेमा हुनुपर्ने ज्ञान गुमाइरहेका छन्। उहाँको बारेमा मानिसहरूले गलत धारणा र गलत व्याख्या गरिरहेका थिए र छन् पनि। यही समयमा परमेश्वरबाट आएको सन्देश घोषणा गर्नुपर्छ। उहाँको आत्मज्ञानको ज्योतिको प्रभाव फैलाउनैपर्दछ र मानिसलाई मुक्ति दिने शक्तिको बारेमा सुनाउनैपर्दछ। सनातन परमेश्वर पिताको चरित्र, स्वभाव र मिजासलाई मानिसहरूलाई थाहा दिनुपर्दछ। यस अन्धकार विश्वमा उहाँको महिमाको ज्योति चम्काउनुपर्दछ। परमेश्वर भलो हुनुहुन्छ, उहाँ दयालु, करुणामय, प्रेमिलो र सत्यवादी हुनुहुन्छ भन्ने आत्मज्ञानको ज्योति मानिसहरूमा चम्किन दिनुपर्दछ।

"अगमवक्ता यशैयालाई उनको कामको रूपरेखा र आफ्नो कदम परमेश्वरले सुनाउनुभएको थियो, 'सियोनलाई शुभ समाचार सुनाउने हो, तिमी अग्लो पर्वतमा जाऊ। यरूशलेमलाई शुभ समाचार सुनाउने हो, जोरसँग तिम्रो सोर उचाल, सोर उचाल, नडराऊ। यहूदाका नगरहरूलाई भन, "हेर, तिमीहरूका परमेश्वर यहीँ हुनुहुन्छ!" हेर, परमप्रभु परमेश्वर पराक्रमसाथ आउँदैहुनुहुन्छ, र उहाँको हातले शासन गर्नुहुन्छ। हेर, उहाँको इनाम उहाँसितै छ, र उहाँको प्रतिफल उहाँकै साथमा छ।' यशैया ४०:९-१०।

"जो दुलाहा येशूको निम्ति पर्खिरहेका छन्, तिनीहरूले मानिसहरूलाई यो सुनाउनुपर्दछ, 'हेर तिमीहरूको सनातन परमेश्वर।' परमेश्वरको प्रेमिलो चरित्रलाई प्रकट गर्न मानिसहरूलाई दया र करुणाका किरणहरू फैलाउनुपर्दछ, दयाको अन्तिम सन्देश सुनाउनुपर्छ। येशूभक्त हौं भनेर दाबी गर्ने परमेश्वरका जनहरूले उहाँको महिमालाई प्रकट गर्नैपर्छ। तिनीहरूका जीवन, जीवनशैली, मिजास, स्वभाव र चरित्रले तिनीहरूलाई परमेश्वरको अनुग्रहले के गरियो भनेर प्रकट गर्नैपर्छ।

"पवित्र, उचित, असल काम र सत्यको वचन बोलेर धार्मिकताको सूर्यको ज्योतिका किरणहरू, उहाँका जनहरूले जनसमूहको सामु अग्रपन्थीमा रहेर चम्काउनैपर्दछ।"—एलेन जी. ह्वाइट, *क्राइस्ट अवजेक्ट लेसन्स*, पृ. ४१५, ४१६।

## छलफलको लागि प्रश्नहरू:

१. परमेश्वर हुनुहुन्न वा उहाँको अस्तित्व छैन भन्ने धारणाभन्दा सबभन्दा खराब धारणा त परमेश्वरले हामीलाई मन पराउनुहुन्न, उहाँको सामु हामी तुच्छ छौं भन्ने धारणा हो। यदि मानिसहरूले सत्यलाई चिनेका भए तिनीहरूको संसार कस्तो हुनेथियो?

२. आजको संसारमा भएका धर्म, दर्शन र विश्‍वासहरूमा परमेश्‍वरको चरित्रको बारेमा गलत धारणाहरू किन भइरहेका होला? परमेश्‍वरको प्रेमिलो चरित्रको बारेमा अरूहरूलाई सुनाउन तपाईंले के-के कदमहरू चाल्न सक्नुहुन्छ?

३. परमेश्वरको चरित्र, मिजास र स्वभावको बारेमा संसारलाई सुनाउनुपर्ने सन्देश के होला? परमेश्वरको प्रेमको वास्तविकताको बारेमा थाहा नपाउनेहरूलाई तपाईंले के सन्देश सुनाउन सक्नुहुन्छ? तपाईंकै जीवनबाट उहाँको अचम्मको प्रेम र चरित्रको वास्तविकताको प्रमाणलाई अरूलाई कसरी औँल्याउन सक्नुहुन्छ?

४. परमेश्वरको प्रेमको बारेमा चर्चा गर्नु र सुनाउनु एक पक्ष हो भने हाम्रै जीवनबाट उहाँको प्रेमलाई प्रकट गरेर र प्रतिबिम्बित गरेर देखाउनु अर्को पक्ष हो। पवित्र कामहरूबाट हाम्रा वरिपरि रहेका मानिसहरूलाई परमेश्वरको प्रेम हामीले कसरी देखाउन सक्छौं?

# बाँसको पर्दा खोल्नु

*लेखक:* आन्ड्र्यु मेकचेस्ने

रुसको राजधानी मस्कोको मस्को इन्टरनेशनल सेभेन्थ-डे एड्भेन्टिस्ट चर्चमा एउटा शबाथको आराधना समयमा म सरिक भएको थिएँ, र त्यो दिन प्रभु भोजको कार्यक्रम थियो। त्यस समय दक्षिण कोरियाको विद्यार्थीको खुट्टा धुन मैले घुँडा टेकेको थिएँ। उसको कुनै प्रार्थनाको अनुरोध छ कि भनेर उसको पाउहरू धुनुभन्दा अघि मैले सोधें।

"उत्तर कोरियाको निम्ति प्रार्थना गर्नुहोस्," त्यस विद्यार्थीले उत्तर दियो। त्यो विद्यार्थी मस्को विश्वविद्यालयमा अध्ययन गर्दैथियो। "येशूको आगमनभन्दा पहिले उत्तर कोरियामा सुसमाचार पुऱ्याउनु आवश्यक छ," उसले थप्यो।

सन् २००६मा अनुरोध गरिएको त्यो प्रार्थनामा मैले सिकें कि दक्षिण कोरियामा रहेका सेभेन्थ-डे एड्भेन्टिस्टहरूले उत्तर कोरियाका दाजुभाइ दिदीबहिनीहरूको सामु सुसमाचार सुनाउने बोझ बोकेका थिए। येशूले भन्नुभएको थियो, "यो राज्यको सुसमाचार सारा संसारका राष्ट्रहरूमा गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ" *(मत्ती २४:१४)*। सारा संसारमा सुसमाचार सुनाउने आह्वानमा उत्तर कोरिया अन्तिम राष्ट्र हो भनेर दक्षिण कोरियाका एड्भेन्टिस्टहरूले विश्वास गर्दछन्। आज दक्षिण कोरियाका धेरै एड्भेन्टिस्टहरूले उत्तर कोरियाको बाँसको पर्दा खोल्न प्रार्थना गरिरहेका छन्।

एड्भेन्टिस्ट चर्चको काम उत्तर कोरियामा सन् १९०४मा सुरु गरिएको थियो। अनि त्यहाँबाट त्यो काम दक्षिण कोरियामा फैलिएको थियो। आज दक्षिण कोरियाको ५ करोड बीस लाख जनसङ्ख्यामा २,८५,००० चर्चका सदस्यहरू छन्। तर वर्तमान समयमा उत्तर कोरियामा कोही पनि एड्भेन्टिस्ट भएको छैन। त्यो देशको जनसङ्ख्या दुई करोड साठ्ठी लाख छ। तर उत्तर कोरियामा परमेश्वरका जनहरू छन् भनेर फाट्टफुट्ट जानकारी छ भन्ने कुरा बुम सिक ओले बताएका थिए। उनी उत्तर कोरियामा सुसमाचार फैलाएको रेखदेख गर्ने नर्थरन एशिया-पासिफिक डिभिजनको निर्देशक हुनुहुन्छ। उत्तर कोरियामा एक जना एड्भेन्टिस्ट महिलाले प्रत्येक शबाथ भतमासको रक्सी पिउँथी ताकि उनी ज्वरोले बिरामी भएर शनिबार काम गर्नुपर्ने अध्यादेशबाट छुटकारा पाउँथिन्। जब उनलाई झ्यालखानामा

हालेको थियो तब उनले बाइबललाई गोप्य तरिकाले झ्यालखानामा ल्याएकी थिइन् र त्यसलाई जमिनमा खाल्डो खनेर लुकाएकी थिइन्। तर उनी हतार-हतारमा जमिनबाट बाइबललाई निकालेर पढ्थिन्। पछि उनी दक्षिण कोरियामा भाग्न सफल भइन्। त्यहाँ उनले स्वतन्त्र रूपमा परमेश्वरको आराधना गर्न पाएकी थिइन्। उत्तर कोरियाको सिमाना कहिले खोलोस् भनेर चर्चको अगुवाहरूले प्रार्थना गरिरहेका छन्। जब उत्तर कोरिया जाने बाटो खुल्छ तब त्यस देशमा सुसमाचार सुनाउन प्रचारकहरूको बाढी पठाउन दक्षिण कोरियाका अगुवाहरू पर्खिरहेका छन्।

अहिले उत्तर कोरियाबाट भागेर आउने कोरियनहरूलाई दक्षिण कोरियाका एड्भेन्टिस्टहरूले स्याहार गरिरहेका छन्। एक जना डिकन र उनकी श्रीमतीलाई भर्खरै लुकीलुकी रूपमा भागेर आउने उत्तर कोरियाको एक जना नयाँ मानिसको रेखदेख गर्न खटाइएको छ। तिनीहरूले त्यस मानिसको कोठा सफा गर्ने, खाना तयार पार्ने र सरकारी कागजजात तयार पार्न सहयोग गर्छन्। छ महिनापछि त्यस भागेर आउने मानिसले परमेश्वरलाई विश्वास गर्छु भनेर घोषणा गर्छ। यो जानकारी डिकन र उनकी श्रीमतीका पास्टर चाङ्ग-सिपलिले बताएका थिए।

उत्तर कोरियाबाट भागेर आउने अर्को मानिसले आफ्नी श्रीमती र बालबच्चाहरूको बारेमा चिन्ता गर्दा सुत्न सकेको थिएन। पास्टर लीले उसको निम्ति प्रार्थना गरे। पछि उसले परमेश्वरलाई विश्वास गर्न पुगेको स्वीकार्छ। उसले उत्तर कोरियामा बाइबल पढेको थियो। यो घट्नाले पास्टरलाई उर्जा मिलेको थियो। उत्तर कोरियाबाट भागेर आउनेहरूलाई सहयोग गर्न उनले सङ्कल्प गरेका थिए। "आज हामीले सेवा गरेका मानिसहरूद्वारा उत्तर कोरियामा सुसमाचार सुनाउने कामको निम्ति तयार हुन्छ भनेर म विश्वास गर्छु," पास्टरले मलाई सुनाए।



*उत्तर कोरियाको निम्ति प्रार्थना गर्नुहोस्। तेऱ्हौँ शबाथको भेटीले नर्थरन एशिया-पासिफिक डिभिजनमा सुसमाचार विस्तार गर्ने काममा सहयोग मिल्नेछ।*